कार्यपालिका बैठक:८

मितिः २०८२ साल कार्तिक २३ गते आइबार

कार्यपालिकाका निर्णयहरु

नगर कार्यपालिकाका नगरप्रमुख श्री राजेन्द्र कुमार पोखरेलको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेन्द्र कुमार पोखरेल | नगर प्रमुख/अध्यक्ष | |
| २ | आसा शिवाकोटी | उपप्रमुख | |
| ३ | शुसिल कुमार पोखरेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | बलराम राई | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | युवराज चम्लागाई | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | रोशन सुवेदी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | कृष्ण बहादुर राई | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | लक्ष्मी प्रसाद ओली | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | भिष्म भुषण सिटौला | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | लिला बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | राजेन्द्र प्रसाद उप्रेती | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | अर्जुन कुमार राजवंशी | कार्यवाहक वडा अध्यक्ष वडा नं ६ | |
| १३ | युवराज राजवंशी | कार्यवाहक वडा अध्यक्ष वडा नं ९ | |
| १४ | कृष्ण माया भुजेल | कार्यपालिका सदस्य | |
| १५ | नवल किशोर दत्त कायस्थ | कार्यपालिका सदस्य | |
| १६ | नरा देवी मगर | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १७ | सावित्रा देवी बर्देवा | कार्यपालिका सदस्य | |
| १८ | लक्ष्मी कटुवाल | कार्यपालिका सदस्य | |
| १९ | सुसिला बुधनी कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | चेता राई | कार्यपालिका सदस्य | |
| २१ | हरिलाल खवास भुजेल | कार्यपालिका सदस्य | |
| २२ | नारायण न्यौपाने | सदस्य सचिव | |

अन्य उपस्थिति

श्री सोमनाथ शर्मा - लेखा अधिकृत

श्री जमुना कटुवाल - अधिकृत आठौं

श्री बद्रीकुमार शमल - अधिकृत सातौं

श्री अनुप प्रसाद रेग्मी - अधिकृत छैठौं

श्री विजय पाठक - सहायक पाँचौं

| सि. नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा | मिति २०८२।०६।२१ गतेको बैठकबाट भएका सबै निर्णय कार्यान्वयनको समिक्षा गरियो |
| २ | बहुउद्देशीय भवनको डिपिआर स्वीकृत सम्बन्धमा। | कनकाई नगरपालिका वडा नं. ३ स्थित कित्ता नं २६१ को ७ कठ्ठा ३.५ धुर जगामा निर्माण हुने बहुउद्देशीय भवनको पूर्ण डिपिआर प्रतिवेदन पेश भइ छलफल भयो। प्रतिबेदनलाइ थप अध्ययनका लागि नगरपालिकाको प्राविधिक शाखामा पठाउने। |
| ३ | खर्च कटौतीको प्रतिवेदन सम्बन्धमा। | मिति २०८२।०६।२१ गतेको कार्यपालिका बैठकबाट गठित समितिलाई दिएको कार्यादेश बमोजिम उक्त समितिले पेश गरेको खर्च कटौति सम्बन्धी प्रस्ताव बजेट तर्जुमा समितिमा पठाउने। |
| ४ | कर्मचारी कटौतीको प्रतिवेदन सम्बन्धमा। | अर्थ मन्त्रालयको च. नं. ११८ मिति २०८२।०६।०७ गतेको निर्णय कार्यान्वियन गर्ने गराउने सम्बन्धमा बिषयको १० बुदे परिपत्रको बुदा नं ५ को ङ को निर्देशन बमोजिम कनकाई नगरपालिकामा दरबन्दी भन्दा बाहिर कार्यरत रहेका कर्मचारीहरुको विवरण यकिन गरि प्रतिवेदन पेश गर्न मिति २०८२।०६।२१ मा गठित समितिबाट पेश भएको प्रतिवेदन थप अध्ययन गर्ने। |
| ५ | संस्था दर्ता सम्बन्धमा। | कनकाई नगरपालिकाको संस्था दर्ता सम्बन्धी कार्यविधि बमोजिम कनकाई नगरपालिका वडा नं. २ मा रहेको पञ्चकन्या टोल विकास संस्थालाई सम्बन्धित शाखाको सिफारिस बमोजिम संस्था दर्ता गर्ने। |
| ६ | नगरपालिका भवनको मर्मत/संहारको रकम भुक्तानी सम्बन्धमा। | कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा जेन्जी आन्दोलनको क्रममा तोडफोड भएका संरचनालाई पुन मर्मत/संहारका लागि रकम रु. ९,२०,७४१।– (अक्षरेपी नौ लाख विस हजार सात सय एकचालिस रुपैया मात्र ) लागत बराबरको खर्च भएकाले सोको खर्च निर्मित सार्वजनिक सम्पत्तीको मर्मत संभार शिर्षकबाट भुक्तानी दिने। |
| ७ | जीवन विकास संस्थालाई कार्यक्रमका लागि अनुमति सम्बन्धमा। | जीवन विकास संस्थाको लागतमा यस कनकाई नगरपालिकाको क्षेत्र भित्र रहेका दलित, विपन्न, अपाङ्ग, महिला तथा किशोरीहरुलाई स्वास्थ्य सचेतना कार्यक्रम संचालनका लागि स्विकृती माग भई आएकाले आवश्यक कार्यक्रम संचालनका लागि वडा कार्यालयसंग समन्वय गरि कार्यक्रम संचालन गर्न र मासिक प्रगति प्रतिवेदन नगरपालिकामा पेश गर्ने गरी स्विकृती प्रदान गर्ने। |
| ८ | योजना संचालन सम्बन्धमा। | यस कनकाई नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम बजेट कितावमा उल्लेख भएका नगर स्तरिय तथा वडागत योजना तथा कार्यक्रमहरु मध्ये १० लाख भन्दा माथिका योजनाहरुलाई ठेक्का प्रकृया मार्फत अगाडी बढाउन कार्तिक मसान्त भित्र अनिवार्य रुपमा वडा स्तरिय निर्णय गरी पठाउनु पर्ने साथै १० लाख भन्दा कमका योजनाहरुको हकमा उपभोक्ता समिति गठन गरी पौष मसान्तसम्ममा अनिवार्य रुपमा सम्झौता गर्ने। |
| ९ | सडक मर्मतका लागि नदीजन्य पदार्थको उत्खनन तथा ढुवानी सम्बन्धमा। | कनकाई नगरपालिकाको क्षेत्र भई बग्ने विरिङ्ग खोलामा IEE प्रतिवेदन बमोजिम यस नगरपालिका लागि छुट्याएको क्षेत्रबाट नै हुने गरी विभिन्न वडाहरुमा रहेका धुले सडकलाई यथाशिघ्र वडा मार्फत मर्मत गराउनै। |
| १० | नगरपालिकाको गाडी ईलाका प्रहरी कार्यालयलाई अस्थायी रुपमा चलाउन उपलब्ध गराउने सम्बन्धमा। | ईलाका प्रहरी कार्यालयलाई यस नगरपालिकाबाट उपलब्ध गराईएको सवारी साधन मिति २०८२।०६।२४ गतेको जेन्जी आन्दोलनका क्रममा जली नष्ट भएकाले यस क्षेत्रको शान्ती सुरक्षालाई मध्यनगर गर्दै कनकाई नगरपालिकाको नाममा दर्ता कायम रहेको नगर प्रहरीको गाडी न मे१ झ १२२ लाइ २०८३ वैशाख मंसान्त सम्मका लागि प्रयोग गर्न दिने। |
| ११ | विद्युत तथा खानेपानीको महसुल भुक्तानी सम्बन्धमा। | दुर्गापुर प्रहरी विटको माग निवेदन अनुसार त्यस विटले खपत गरेको विद्युत महशुल तथा खानेपानी वापतको रकम रु. २५९३९ संघ संस्था सहयोग शिर्षकबाट भुक्तानी गर्ने। |

२०८२/०९/२३

Scanned with CamScanner

| | | |
|---|---|---|
| १२ | कार्यक्रम संचालन सम्बन्धमा। | कनकाई नगरपालिकाका लागि आर्थिक वर्ष २०८२/०८३ का लागि प्राप्त भएको संघीय बजेट अन्तरगतको गरिबी निवारणका लागि लघु उद्यमविकास कार्यक्रम(मेडपा) यस वर्ष वडा नं. ३ र ४ मा कार्यक्रम संचालन गर्ने । |
| १३ | कोटिहोम सम्बन्धमा। | कनकाई घाटमा शवदाह गृह संचालनका लागि कनकाई नदी क्षेत्रभित्र केहि व्यक्तीहरुले व्यक्तिगत मन्दिर बनाउने फलैचा बनाउने नाममा अतिक्रमण गरी हाल एउटा जिर्ण मन्दिर वेवारिसे अवस्थामा रहेको र दोस्रो मन्दिरका नाममा धर्मशाला बनाई त्यसको व्यापारिक प्रयोजनमा ल्याई केहि व्यक्तिहरुले भाडा उठाउदै खाने गरेकाले सो स्थानमा विद्युतिय शवदाह गृह रहेको हुँदा संचालन गर्न कठिनाई भएको हुँदा हाल तत्कालका लागि २ वटा संरचना हटाई विद्युतिय शवदाह मेशिन संचालनमा ल्याउन नसकिने भएकाले सोको व्यवस्थापन तथा संचालनका लागि समिति मार्फत प्राप्त प्रतिवेदन बमोजिम टहरा खाली गर्नका लागि सूचना संप्रेषण गर्ने। |
| १४ | घ वर्गको संस्था दर्ता सम्बन्धमा। | कनकाई नगरपालिकाको घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि २०७५ (दोस्रो संशोधन २०८२ समेत) को २ को उपदफा ३ बमोजिम तथा सम्बन्धित शाखाको शाखा सिफारिस बमोजिम कनकाई नगरपालिका वडा नं. ७ स्थित आरोही ईन्फ्रास्ट्रक्चर प्रा.लि. लाई घ वर्गको ईजाजत पत्र दिने। |
| १५ | अख्तियारी सम्बन्धमा। | सम्मानित उच्च अदालत विराटनगर, इलाम इजलासमा रिट निवेदक धर्मानन्द निरौला र विपक्षी कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय, झापा समेत भई दायर भएको उत्प्रेषण परमादेश (रि.नं. ०८२-WO-००२२) मुद्दामा यस कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय, झापा, कनकाई नगरपालिकाका प्रमुख, कनकाई नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा तथा ऐ. शाखाका प्रमुखका तर्फबाट उच्च अदालत विराटनगर इलाम इजलासमा उपस्थित भई लिखित जवाफ पेश गर्न, निवेदन दायर गर्न, वारेस नियुक्ति गर्न, कानुन व्यवसायी नियुक्ती गर्न, वहस पैरवी गर्न, छलफलमा उपस्थित हुने लगायतका मुद्दासँग सम्बन्धीत आवश्यक सम्पूर्ण काम कारवाही गर्नका लागि यस कनकाई नगरपालिकाका कानुन अधिकृत श्री भुपेन्द्र बस्नेतलाई अख्तियारी प्रदान गर्ने। |

२०८२/०६/२३

Scanned with CamScanner